धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक    जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष

National Daily    राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ६२ ◆ २०८३ असोज २ शुक्रबार ◆ Friday, September 18, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/-

## प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २४ घण्टामा थपियो करिब २३ करोड

*प्रत्यूष समाचारदाता*

काठमाडौँ । प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पछिल्लो २४ घण्टामा करिब रु २३ करोड थपिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार कोषमा बुधबारको तुलनामा आज रु २२ करोड ७५ लाख ३८ हजार ३३१ थपिएको हो ।

कोषमा बिहीबार साँझ सम्म विभिन्न नौवटा बैंकमा मौज्दात रकम रु १० अर्ब ८९ करोड ६६ लाख ६२ हजार २७७ पुगेको छ । त्यस्तै, कोषका दुई वटा बैंकमा रहेको डलर खातामा दुई करोड ३९ लाख ३० हजार ७३१ अमेरिकी डलर जम्मा भएको छ । कार्यालयका अनुसार सबै खातामा गरी रु १४ अर्ब ५६ करोड ३८ लाख सात हजार ५५६ जम्मा मौज्दात छ । कोषमा जम्मा भएको रकमबाट रसुवाको भोटेकोशी नदीमा आएको बाढीबाट पीडितलाई राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत रु एक अर्ब निकासा भइसकेको छ ।

सरकारले हालै रसुवाका बाढीप्रभावित परिवारलाई आवास भाडा र अन्य आवश्यक खर्च व्यवस्थापनका लागि मासिक रकम उपलब्ध गराउने निर्णय गरिसकेको छ । जसअनुसार चार सदस्यसम्मको परिवारलाई मासिक रु १५ हजार र थप प्रत्येक सदस्यका लागि रु दुई हजार अतिरिक्त उपलब्ध गराइने छ ।

## कृष्णभीरको सडक खुलेपछि तुइनखोलामा पनि सञ्चालन

*लोकेश धामी*

नारायणगढ (चितवन) । पृथ्वी राजमार्ग अन्तर्गतको कृष्णभीरमा गएको पहिरोपछि खोलिएको नयाँ ट्र्याकबाट बिहीबारदेखि पूर्ण रूपमा सञ्चालनमा आएपछि नारायणगढ-मुग्लिन सडकखण्डको तुइनखोला क्षेत्रमा आंशिक रूपमा बन्द गरिएकामा केही दिनका लागि लागि पूर्ण रूपमा सञ्चालनमा रहने भएको छ ।

सडक डिभिजन भरतपुरका सूचना अधिकारी एवं इन्जिनियर कृष्णप्रसाद आचार्यका अनुसार तुइनखोलामा स्लोप स्टाबिलाइजेसन (सडकको भीर स्थिरीकरण)को काम भइरहेकाले गत भदौ २२ गतेदेखि उक्त क्षेत्रमा सवारी आवागमन आंशिक रूपमा सञ्चालन गरिएको थियो । कृष्णभीरको सडक खुलेसँगै तराईबाट काठमाडौँ प्रवेश गर्ने मुख्य लाइफलाइन मार्गमा यातायात सहज बनाउन केही दिनका लागि तुइनखोलाको काम रोकिएको उहाँले बताउनुभयो । उहाँका अनुसार लामो समयदेखि पृथ्वी राजमार्ग अवरुद्ध हुँदा राजधानीतर्फ जाने सवारीसाधन प्रभावित भएका थिए । कृष्णभीर सञ्चालनमा आएपछि नारायणगढ-मुग्लिन सडकखण्डमा थप अवरोध नहोस् र सवारी आवागमन सहज होस् भन्ने उद्देश्यले तुइनखोलामा भइरहेको काम अस्थायी रूपमा रोकिएको उहाँले जानकारी दिनुभयो । इन्जिनियर आचार्यले भन्नुभयो, "लामो समयसम्म काठमाडौँ जाने सवारीसाधन यहाँबाट पाएका छैनन् । नारायणगढ-मुग्लिन सडकखण्डमा पनि अवरोध हुँदा थप समस्या नहोस् भनेर केही दिनका लागि काम रोकेर सडक पूर्ण रूपमा सञ्चालनमा सहज बनाइएको हो ।"

उहाँले यातायात सहज भएपछि पुनः तुइनखोलामा पहिरो व्यवस्थापनको काम सुरु गरिने बताउनुभयो । अहिले तुइनखोलामा



स्लोप स्टाबिलाइजेसनको काम भइरहेकाले यसअघि बिहान ८:३० बजेदेखि बेलुकी ६:०० बजेसम्म प्रत्येक दुई घण्टामा आधा घण्टाका लागि मात्रै सवारी आवागमन खुला गर्ने व्यवस्था गरिएको थियो । बेलुकी ६:०० देखि बिहान ८:०० बजेसम्म भने सवारीसाधन निरन्तर सञ्चालन हुँदै आएका थिए । गत वर्षदेखि तुइनखोलामा वर्षायाम मात्र नभई हिउँदमा पनि पहिरो खस्ने र सडक अवरुद्ध हुने समस्या दोहोरिन थालेपछि सडक डिभिजन भरतपुरले यसको दीर्घकालीन समाधानका लागि विशेष प्रविधि अपनाएर काम अघि बढाएको छ । यसअन्तर्गत भीरको स्लोप मिलाउने, 'नेलिङ' प्रविधि प्रयोग गर्ने, रसाएको पानी बाहिर निकाल्न 'होरिजोन्टल ड्रेन' निर्माण गर्ने तथा बायोइन्जिनियरिङ प्रविधि अपनाउने योजना रहेको कार्यालयले जनाएको छ । हाल तुइनखोलामा माथिबाट खस्ने ठूला ढुङ्गा काटेर पन्छाउने काम भइरहेको छ ।

## बागमतीमा १३४ दरबन्दी घटाउने मन्त्रिपरिषद्को निर्णय

हेटौँडा । बागमती प्रदेश सरकारले प्रदेश अन्तर्गतका कार्यालय तथा निकायको सङ्गठन तथा व्यवस्थापन (ओएनएम) सर्वेक्षणसम्बन्धी खाका स्वीकृत गर्दै हाल कायम दरबन्दीमध्ये १३४ पद घटाउने निर्णय गरेको छ ।

बिहीबार बसेको प्रदेश मन्त्रिपरिषद् बैठकले प्रदेशअन्तर्गत कार्यालयको सङ्ख्या १८० कायम गर्ने तथा हाल कायम चार हजार ८१४ दरबन्दीलाई घटाएर चार हजार ६८० कायम गर्ने निर्णय गरेको हो ।

प्रदेश सरकारका प्रवक्ता एवं भौतिक पूर्वाधार विकासमन्त्री भरतबहादुर केसीले मन्त्रिपरिषद् बैठकपछि निर्णय सार्वजनिक गर्दै ओएनएम सर्वेक्षणका लागि आवश्यक खाका स्वीकृत गरिएको र त्यस अनुसार १३४ दरबन्दी घट्ने जानकारी दिनुभयो ।

बैठकले बागमती प्रदेशको समस्याग्रस्त सहकारी व्यवस्थापन समितिका लागि सदस्य सचिवदेखि कार्यालय सहयोगीसम्म २४ जनाको अस्थायी दरबन्दी स्वीकृत गरेको छ । समितिको काम सम्पन्न भएपछि ती अस्थायी दरबन्दी स्वतः समाप्त हुने व्यवस्था गरिएको मन्त्री केसीले जानकारी दिनुभयो ।

मन्त्रिपरिषद् बैठकले कृषि, पशुपन्छी, वन तथा वातावरण मन्त्रालयअन्तर्गत प्रदेश वन सेवा केन्द्रका प्रमुख एवं ११औँ तहका कर्मचारी निरञ्जन श्रेष्ठले दिनुभएको राजीनामा स्वीकृत गरेको प्रवक्ता केसीले जानकारी दिनुभयो ।

## बाढी प्रभावित क्षेत्रका सडक सञ्जाल असोजभित्रै सञ्चालन हुन्छ : लम्साल

रसुवा । रसुवाको भोटेकोशी नदीमा गत भदौ १० गते आएको बाढीका कारण ठूलो मानवीय तथा भौतिक क्षति भएको छ । जिल्ला प्रशासन कार्यालयले आज साँझसम्मको प्रारम्भिक विवरण सार्वजनिक गर्दै विपद् प्रतिकार्य र उद्धार कार्य तीव्र रूपमा भइरहेको जनाएको छ ।

प्रशासनका अनुसार गत भदौ १० गते आएको बाढीका कारण हालसम्म सङ्कलन गरिएका शवमध्ये १५ जनाको पहिचान (सनाखत) खुलेको छ । सनाखत हुनेहरूमा रसुवा, नुवाकोट, धादिङ, कास्की र रामेछापका नागरिकहरू रहेका छन् । कुल १९९ वटा शव फेला परेकामा १५ वटाको सनाखत भइसकेको, ४५ वटाको मुचुल्का मात्र गरिएको र बाँकी शवको मुचुल्का तथा डिएनए परीक्षण गरी सनाखत हुन बाँकी रहेको छ ।

बाढीपछि ठूलो सङ्ख्यामा नागरिक तथा पर्यटकहरू सम्पर्कविहीन भएका छन् । प्रशासनका अनुसार रसुवाका एक हजार ६७१, अन्य जिल्लाका एक हजार ८३५ र २७८ जना विदेशी पर्यटक अझै सम्पर्कविहीन छन् । उनीहरूको खोजी कार्य जारी राखिएको सहायक प्रमुख जिल्ला अधिकारी एवं सूचना अधिकारी द्रुवप्रसाद अधिकारीले बताउनुभयो ।

उहाँका अनुसार विपद् लगत्तै गरिएको उद्धार कार्यअन्तर्गत भदौ ३१ गतेसम्म एक हजार ३७२ नेपाली र ८९ विदेशी पर्यटक गरी कुल एक हजार ४६१ जनाको सकुशल उद्धार गरिएको छ । यस्तै, बाढीमा परी घाइते भएका ७४ जनाको उद्धार गरी अस्पताल भर्ना गरिएको थियो । तीमध्ये ४९ जना उपचारपछि डिस्चार्ज भइ सकेका छन् भने बाँकीलाई थप उपचारका लागि अन्यत्र पठाइएको छ । बाढीमा परी अस्पताल पुर्याइएकामध्ये एक पुरुषको उपचारका क्रममा मृत्यु भएको छ ।

घरबारविहीन भएका तथा जोखिममा परेका नागरिकलाई विभिन्न नौ वटा आश्रयस्थलमा राखिएको छ ।

रसुवाका विभिन्न विद्यालय तथा गुम्बा र काठमाडौँको स्वयम्भूस्थित मुस्ताङ सेवा गुम्बा, येल्लो गुम्बा र नेपाल बुद्ध धर्म सेवा सङ्घको भवनमा गरी कुल ८१७ जनाले आश्रय लिइरहेका सहायक प्रजिअ अधिकारीले जानकारी दिनुभयो ।

बाढीका कारण रसुवाका गोसाइँकुण्ड, आमाछोदिङ्मो, कालिका र उत्तरगया गाउँपालिकाका विभिन्न वडा पूर्ण रूपमा प्रभावित भएका छन् । गोसाइँकुण्डका वडा नं १, ३, ४, ६, आमाछोदिङ्मोका सबै वडाहरू र उत्तरगयाका वडा नं १, २, ३ को सडक सञ्जाल पूर्ण रूपमा टुटेकाले राहत तथा पुनःस्थापना कार्यमा चुनौती थपिएको छ ।

राहत वितरणसम्बन्धी थप विवरण जिल्ला प्रशासन कार्यालयको वेबसाइटमा अद्यावधिक भइरहेको सहायक प्रमुख जिल्ला अधिकारी अधिकारीले सो क्रममा जानकारी दिनुभएको छ ।

## बेँसीसहर-चामे सडकमा खसेको ढुङ्गा हटाउन समस्या

मनाङ । मनाङको लाइफलाइन (प्रमुखआधार) का रूपमा रहेको बेँसीसहर-चामे सडकमा खसेको ठूलो चट्टानसहितको पहिरो हटाउन समस्या भएको छ ।

बुधबार बिहान नार्सों गाउँपालिका-३ खोत्रोमा खसेको ठूला ढुङ्गासहितको पहिरो हटाउन नसक्दा सवारी आवतजावत ठप्प भएको हो । मनाङका प्रमुख जिल्ला अधिकारी मुक्तिप्रसाद खनालले बुधबारदेखि सडक खुलाउने प्रयास भइरहेको बताउनुभयो । "बुधबार दिनभर र बिहीबार ब्लाष्टिङ गरेर हटाउने प्रयास गरिएको छ तर ब्लाष्ट गर्दा पनि ठूलो चट्टान भएकाले फुटेन", उहाँले भन्नुभयो, "डोजरसहितका उपकरणले पहिरो पन्छाउने प्रयास भइरहेको छ । योसँगै पुनः ड्रिल गर्ने काम पनि भइरहेको छ ।"

शुक्रबार दिनभर सडक खुलाउने प्रयास जारी रहेको बताउँदै प्रजिअ खनालले शुक्रबार बिहानसम्म मा सडक सञ्चालन गर्नेगरी काम भइरहेको जानकारी दिनुभयो । "ब्लाष्टिङ गरेर पनि ठूलो चट्टान बीच सडकमा अड्किएकाले हटाउन सहज छैन," उहाँले भन्नुभयो, "नेपाली सेनालगायत सुरक्षाकर्मी र स्थानीयको सहयोगमा फेरि ब्लास्टिङ गरेर सडक खुलाउने प्रयासमा छौँ ।" नार्सों गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अनुप पौडेलले पालिका क्षेत्रमा चट्टानसहितको पहिरोले रोकिएको सडक सञ्चालन गर्ने प्रयास भइरहेको बताउनुभयो । यहाँको भौगोलिक अवस्थाले गर्दा पनि यस्ता ठूला चट्टान सडकमा खसेपछि समस्या हुनसक्ने अवस्था रहेकाले भैपरि आउने समस्याको समाधानमा सबै जुटेको उहाँको भनाइ छ ।

## अर्ग्यानिक उत्पादन र आत्मनिर्भर प्रदेश बनाउने अभियानमा छौँः मुख्यमन्त्री शाही

*प्रत्यूष समाचारदाता*

कर्णाली । कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री मङ्गलबहादुर शाहीले कर्णालीलाई 'अर्ग्यानिक' उत्पादनसँगै आत्मनिर्भर प्रदेश बनाउने अभियान मा लागेको बताउनुभएको छ ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले बिहीबार सुर्खेत वीरेन्द्रनगरमा आयोजना गरेको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति समीक्षा तथा प्रगति विवरण सार्वजनिक कार्यक्रममा बोल्दै अर्ग्यानिक कृषि उत्पादन बढाएर कर्णाली प्रदेशलाई देशकै नमूना तथा आत्मनिर्भर बनाउने लक्ष्य राखिएको बताउनुभयो । कुल गार्हस्थ्य उत्पादनमा कर्णालीमा योगदान गर्ने प्रमुख क्षेत्र कृषि नै रहेकाले यसलाई अझ बढावा दिइएको उहाँको भनाइ थियो । मुख्यमन्त्री शाहीले भन्नुभयो, "निर्वाहमुखी कृषि प्रणालीलाई सुधार गरी आधुनिक तथा व्यावसायिक खेती प्रणाली अवलम्बन गर्न सकिएमात्र प्रदेश सरकारको लक्ष्य प्राप्ति हुन्छ । कर्णालीलाई विषादीमुक्त बनाई जैविक मलको प्रयोगमा किसानलाई प्रोत्साहित वातावरण सरकारले निर्माण गर्छ ।" कार्यक्रम मा आर्थिक मामिला तथा योजना मन्त्री टेकराज पछाईंले कृषि क्षेत्रको व्यावसायिक विकास र दिगोपनालाई ध्यानमा राखेर बजेट निर्माण गरिएको जानकारी दिनभयो । प्रदेश सरकारले अघिल्ला वर्षमा विभिन्न कृषि उत्पादनमा लगाउँदै आएको कर यस पटकदेखि खारेज गरिएको समेत उहाँले बताउनुभयो । प्रमुख सचिव राधिका अर्याललले अघिल्ला वर्षभन्दा बढी वित्तीय प्रगति हासिल गर्न र बेरुजु घटाउन कृषि तथा भूमि व्यवस्था मन्त्रालयअन्तर्गतका कर्मचारीलाई निर्देशन दिनुभयो । मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार गत आर्थिक वर्षमा विनियोजित कुल रु दुई अर्ब ५७ करोड ११ लाख बजेटमध्ये रु एक अर्ब ४७ करोड ७५ हजार अर्थात् ५७ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ । सो अवधिमा कर्णाली प्रदेशबाट रु तीन अर्ब ६४ करोड छ लाख बराबरको कृषिजन्य उपज अन्य जिल्लामा निर्यात भएको भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री जुम्कित लामा कार्कीले बताउनुभयो । खाद्यान्न, दलहन, फलफूल, अदुवा, बेसार, आलु, मह र च्याउलगायत ७७ हजार ४९५ मेट्रिक टन कृषि वस्तु उत्पादन भएका थिए । पशुजन्य उपज निर्यातबाट रु २८ करोड ७३ लाख भित्रिएको र दूध, मासु, माछा, अण्डा एवं दानालगायत पशुजन्य वस्तु आयातमा रु.९५ करोड ११ लाख बाहिरिएको बताउनुभयो ।

*सम्पादकीय ....*

## सन्दर्भ जेनजी आन्दोलनको

जेनजी पुस्ता संविधानको रक्षा र कार्यान्वयनको पक्षमा दृढ छ । संविधान संशोधनको बहस उठाउँदा पनि तत्काल संशोधनभन्दा पहिले त्यसको कार्यान्वयनको अवस्था हेरिनु पर्छ । आन्दोलनपछि सरकारसँग भएको सम्झौताको पाँचौं बुँदामा संविधान संशोधनका विषयमा 'सुझाव आयोग' को अवधारणा अगाडि सारिएको थियो । त्यसमा विज्ञ, जेनजी तथा युवा, राजनीतिक दलका सत्ता पक्ष र विपक्षसहित सरोकारवाला सबैलाई समेटेर सुझाव लिनुपर्ने पक्षमा जोड दिइएको थियो । समयानुकूल संविधानमा सुधार आवश्यक भए पनि त्यसको प्रक्रिया व्यापक सहभागिता र अध्ययनमा आधारित हुनु पर्छ ।

जेनजी आन्दोलनकै बेला तत्कालै संविधान संशोधन भनिएको भए 'सुझाव आयोग' भनिँदैन थियो, 'संशोधन आयोग' भनिन्थ्यो होला । सुझाव सबैसँग लिने र सङ्घीय संसद्ले नै पास गर्न पाउनु पर्छ भन्ने कुरामा हामी स्पष्ट छौँ । समानुपातिक प्रणालीमा अल्पसङ्ख्यक, अपाङ्गता भएका र पिछडिएको समुदायलाई संविधानमा विशेष व्यवस्था गरिनु पर्छ । संशोधन गर्दा संविधानको धारा १०१ मा उल्लेख भएको महाअभियोगको विषयमा महाअभियोग प्रस्ताव दर्ता भएको तीन महिनाभित्र यसको छिनोफानो गर्नु पर्छ । नत्र स्वतः प्रस्ताव रद्द हुने व्यवस्था गरिनु पर्छ । अनिर्णयको बन्दी बनाउने र महाअभियोग लगाएर कार्यकाल सकिदिन्छु भन्ने खालको हुनुहुँदैन ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई राजनीतिक तथा प्रशासनिक हस्तक्षेपबाट मुक्त राख्न यसको अनुसन्धान संरचना र जनशक्तिलाई थप स्वतन्त्र बनाउनु पर्छ । मन्त्री वा सरकारी निकायको सिफारिसमा कर्मचारी पठाउने वर्तमान अभ्यासको सट्टा अख्तियार सेवा छुट्टै व्यवस्था गर्नु पर्छ । अनुसन्धान अधिकारी र अभियोजनका लागि छुट्टाछुट्टै विशेषज्ञको व्यवस्था गरी अख्तियारलाई संस्थागत रूपमा थप स्वायत्त र प्रभावकारी बनाउनु पर्छ । त्यसै गरी विभिन्न समुदायका हकहित र अधिकार संरक्षणका लागि एउटै आयोगले सबै जिम्मेवारी समाल्नुभन्दा आवश्यकता र समुदाय अनुसार छुट्टाछुट्टै आयोग गठन गर्ने विषयमा पनि बहस आवश्यक छ । खसआर्य समुदायका साथै अल्पसङ्ख्यक, पिछडा वर्ग, दलित र मुस्लिम समुदायका अधिकार तथा हित सम्बोधन गर्न स्पष्ट संस्थागत संरचना हुनु पर्छ ।

प्रतिनिधि सभामा उमेरहदको कुरा गर्दा उम्मेदवार हुनका लागि २५ वर्ष ठिकै हो । बरु प्रदेश सभाको उमेर घटाएर २१ र राष्ट्रिय सभाको उमेर घटाएर ३० वर्ष कायम गरिनु पर्छ । संवैधानिक निकायको नियुक्तिमा ४० वा ३५ वर्षमा झार्न सकिन्छ । ३५ वर्ष पुगिसकेपछि एउटा तहको परिपक्वता आइसकेको हुन्छ । जेनजी आन्दोलनले उठाएका मागलाई बुझ्न भदौ २३ को अवस्थाबाटै हेरिनु पर्छ । गोली चलेपछि आन्दोलनले अर्को रूप लिएको भन्दै त्यसअघि माइतीघरबाट उठाइएका मूल मागहरू खास गरी सुशासन, नातावादको अन्त्य र जवाफदेहितालगायत विषयलाई केन्द्रमा राख्नु पर्छ । नातावाद अन्त्य गर्न संविधानमै के व्यवस्था गर्ने भन्ने प्रश्न उठाउँदै, शासकलाई इमानदार बनाउने कुरा संवैधानिक वा कानुनी प्रबन्धबाट मात्र सुनिश्चित हुँदैन ।

## पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।

प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ –३, धादिङबेसी,**
**फोन** ०१०–५२१४३०, ९८५११२०८५०
Email : pratyushdainik@gmail.com

# पुस्तान्तरणको प्रतीक्षामा पाल्पाको लाखे नाच

*रामचन्द्र रायमाझी*

दुई दशक अघिसम्म 'लाखेजात्रा' भन्नेबित्तिकै गाउँ-गाउँबाट मानिस तानसेन आउँथे । लाखेनाचको छुट्टै रौनक हुन्थ्यो । दुई/चार दिन तानसेनका होटल र पाटीपौवामा बास बसेर उनीहरुले नाच हेरेर फर्कन्थे । मइन्टोल, लाल्टिन बालेर नाच हेर्ने गरिन्थ्यो । लाखे नाच भनेपछि केटाकेटीदेखि बुढाबूढीसम्म घण्टौं हिँडेरै तानसेन हेर्न आउँथे तर अहिले भने धेरैजसो नेवार समुदाय बसाइँसराइ र विदेश पलायनले लाखे नाचको रौनक सेलाउँदै गएको छ ।

पाल्पाली राजा मणिमुकुन्द सेनको समयमा सुरु भएको यस परम्पराको इतिहास ५०० वर्षभन्दा पुरानो रहेको बताइन्छ । यद्यपि यो पाल्पामा लाखे नाच कहिलेदेखि सुरु भएको हो भन्ने यकीन इतिहास भने अहिलेसम्म भेटाउन सकिएको छैन । किंवदन्तीअनुसार राजा मणिमुकुन्द सेनले आफ्नो राज्य विस्तारका क्रममा काठमाडौँ आक्रमण गर्दा त्यहाँको समृद्ध कला, संस्कृति र नेवार समुदायको काष्ठकला तथा मूर्तिकलाबाट अति प्रभावित हुनुभएको थियो ।

युद्धमा विजयी भएपछि, उहाँले मछिन्द्रनाथको पटाङ्गिनीमा रहेको भैरव मूर्तिलगायत केही कलासंस्कृतिहरूलाई पाल्पामा ल्याउनुभएको थियो । उहाँले काठमाडौँबाट काष्ठकलामा निपूर्ण नेवार कालीगढलाई पनि पाल्पामा ल्याई, यहाँ विभिन्न जात्रा र पर्वको प्रचलन सुरु गर्नुभएको हो । तानसेन र भैरवस्थान क्षेत्रमा नेवार समुदायले गुठी स्थापना गरी सुरु गरेको लाखे नाच अहिले पुस्तान्तरण हुन नसक्दा लोपोउन्मुख अवस्थामा पुगेको छ । विशेषगरी नेवार समुदायको सांस्कृतिक महत्व बोकेको लाखे संस्कृति बुझेका अग्रज बुढापाका नहुनु, भएका पनि बसाइँ जानु र युवापुस्तालाई चासो नहुनुले ओझेलमा परेको तानसेनका राजेन्द्र गोपालसिंह बताउनुहुन्छ । उहाँले भन्नुभयो, "यसको जगेर्नाका लागि अग्रजको पथप्रदर्शन र अगुवाइ तथा पछिल्लो पुस्तामा संरक्षण संवर्द्धन गर्ने कुरामा जागरुक हुन जरुरी देखिन्छ ।"

यहाँ श्रावण महिनाको घण्टाकर्ण चतुदर्शी अर्थात् गठेमङ्गलदेखि सुरु भई श्रीकृष्ण जन्माष्टमीसम्म देखाइने यो नाच नेवार समुदायमा अनिष्ट निवारणको प्रतीक मानिन्छ तर नयाँ पुस्ताले चासो नदिनु र नाच देखाउन आर्थिक अभाव हुनुले विस्तारै हराउन थालेको देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठानका अध्यक्ष एवं इतिहासका जानकार मदन देउरालीले बताउनुभयो । "हाम्रा परम्पराको संरक्षण र सम्वर्द्धनमा सम्पूर्ण नेवार समुदायको महत्वपूर्ण भूमिका रहन्छ, संस्कृति जगेर्नाको आत्मा अनुभूति हुनुपर्यो, पश्चिमा शैलीका नाच र बाद्यवादनले मात्रै लाखेनाच हुँदैन", देउरालीले भन्नुहुन्छ, "परम्परा, संस्कृतिलाई पुस्तान्तरण गर्न सकिए, नेवारी संस्कारको संरक्षण र प्रवर्द्धन गर्न सकिएमात्रै लाखे संस्कृतिको अस्तित्वलाई सार्थकता दिन सकिन्छ ।" नेपालका विभिन्न नेवार बस्तीमा प्रचलित लाखे नाचको आफ्नै सांस्कृतिक र धार्मिक महत्व छ । विशेषगरी गाईजात्रा तथा अन्य जात्रा-पर्वका अवसरमा लाखे नाच देखाइन्छ । लाखेलाई कतिपय समुदायमा रक्षकका रूपमा लिइन्छ । जात्रा तथा पर्वका क्रममा लाखेको उपस्थितिले मनोरञ्जन मात्र प्रदान गर्दैन, समुदायको सामूहिक स्मृति र सांस्कृतिक पहिचानलाई पनि निरन्तरता दिन्छ । पहिले लाखे बन्ने कुरा सामान्य थिएन । नाचका चाल, ताल, अभिनय र अनुशासन सिक्नुपर्थ्यो । गुरु वा अग्रजबाट सिक्दै नयाँ पुस्ताले पुरानो पुस्ताको कला आत्मसात् गर्थ्यो । एक पुस्ताबाट अर्को पुस्तामा लाखे नाचको ज्ञान र सीप हस्तान्तरण हुँदै आए पनि अहिले त्यसो हुन सकेको छैन । समय फेरिएको छ । सहरको स्वरूप फेरिएको छ । मानिसको जीवनशैली, मनोरञ्जनका माध्यम र प्राथमिकता पनि बदलिएका छन् । पहिले जात्रा सुरु भएपछि घण्टौँसम्म लाखेनाच हेर्न मानिसहरू सडकमा जम्मा हुन्थे । अहिले धेरैको ध्यान केही सेकेण्डको भिडियो, सामाजिक सञ्जाल र डिजिटल मनोरञ्जनमा केन्द्रित छ । नयाँ पुस्ता भन्छन्, 'समस्या अवसर र पहुँचको हो' लाखे नाच जोगाउने सबैभन्दा ठूलो चुनौती यसको पुस्तान्तरण हो । अग्रज पुस्ताले वर्षौं लगाएर सिकेको नृत्य, चाल र अभिनय नयाँ पुस्तालाई सिकाउन चाहन्छ तर सिक्ने युवाको सङ्ख्या पर्याप्त नहुँदा पुराना पुस्ता चिन्तित छ । तानसेनका ७५ वर्षीय मदन देउराली भन्नुहुन्छ, "हाम्रो संस्कृति हामी आफैंले जोगाउनुपर्छ, अब नयाँ पुस्ता आफैं सिक्न अग्रसर हुनुपर्छ ।" नयाँ पुस्तालाई केबल लाखेको पोशाक लगाएर नाच्न मात्र होइन, यसको इतिहास, संस्कार र सांस्कृतिक अर्थ बुझेर सहभागी हुन पनि उहाँ आग्रह गर्नुहुन्छ ।

नयाँ पुस्ताका युवाको दृष्टिकोण फरक छ । उनीहरू परम्पराप्रति पूर्ण रूपमा उदासिन छैनन् तर समस्या अवसर र पहुँचको हो । धेरै युवालाई लाखे नाच सिक्ने ठाउँ कहाँ छ, कसले सिकाउँछ र यसको अभ्यास कहिले हुन्छ भन्ने नै थाहा छैन । अर्कोतर्फ पढाइ, रोजगारी र अवसरको खोजीमा युवा आफ्नो मौलिक थातथलोबाट बाहिर जानुपर्ने बाध्यता हुँदा बाबुबाजेले निरन्तरता दिर्दै आएको लाखे संस्कृतिलाई आफूहरुले आत्मसात् गर्न नसकेको नयाँ तानसेन असनटोलका नयाँ पुस्ताका प्रेम श्रेष्ठ बताउनुहुन्छ ।

उहाँ भन्नुहुन्छ, "लाखे नाचका लागि आवश्यक पोशाक, मुकुट, बाजागाजा र अभ्याससमा समय तथा खर्च लाग्छ । नियमित अभ्यासका लागि समय निकाल्न पनि अहिलेको व्यस्त जीवनशैलीमा सहज छैन ।" अर्कोतर्फ, संस्कृतिलाई समयानुकूल बनाउने विषय पनि महत्वपूर्ण रहेको उहाँ बताउनुहुन्छ । नयाँ पुस्तालाई जोड्न सामाजिक सञ्जाल, भिडियो सामग्री, सांस्कृतिक कार्यशाला तथा विद्यालय स्तरका कार्यक्रम प्रभावकारी हुनुपर्ने श्रेष्ठको भनाइ छ ।

### निरन्तरतामा 'ब्रेक'

सेनकालीन सभ्यतादेखि नै पाल्पाको तानसेनलाई काठमाडौँको 'भाई' मानिँदै आएको छ । भाषा, कला, धर्म, संस्कृति र साहित्यको उर्बरस्थलका रूपमा पाल्पा परिचित छ । कत्युरीवंश, पालवंश, खसवंश, सेनवंश र शाहवंशले शासन गरेको पाल्पामा उनीहरूले अवलम्बन गरेको रीतिरिवाज, रहनसहन, कला, वास्तुकला आजसम्म पनि कहीँ न कतै जीवन्त छ । विजय उत्सवका रूपमा मनाइने पाल्पाको प्रसिद्ध भगवती माईको रथयात्रा, प्रेमसँग जोडिएको लाखे नाच, कृषि संस्कृतिसँग सादृश्य राख्ने रोपाइँ जात्रा, मृत्यु गणनासँग सम्बन्धित सापारु जात्रा, प्रकृतिसँग जोडिएको बाघजात्रा आदि तानसेन का मुख्य जात्रा तथा पर्व हुन् । जात्राका माध्यमबाट आपसी भाइचारा, विश्वास, भ्रातृत्व, भगिनित्व र बन्धुत्वको भावना कायम रहन्छ । यसले पुस्तान्तरणलाई पनि जोडेर राख्छ । समुदायलाई एकताको बन्धनमा बाँधेर राख्ने यस्ता जात्रा, पर्व र संस्कृतिको संरक्षणमा पछिल्लो पुस्ताको आकर्षण भने बढ्न सकेको छैन । संस्कृति सम्वर्द्धनमा पुराना पुस्ता खटेर लाग्न नसक्ने र नयाँ पुस्ताले बेवास्ता गर्दा पछिल्लो समय जात्राको रौनक हराउँदै गएको हो ।

५ सय वर्षअघि तत्कालीन पाल्पाली राजा मणिमुकुन्द सेनको पालादेखि पाल्पा र आसपासका जिल्लामा लाखे नाचले प्रचलन सुरु भए पनि बेलाबेलामा निरन्तरता पाउन नसकको तानसेन बसपार्कका हास्य कलाकार किरण चित्रकार बताउनुहुन्छ । विसं २०१८ तिर पाल्पाको तानसेनमा स्व लाले जोकर, स्व प्राणप्रसाद उदय, स्व ब्रमशेखर बज्राचार्य, स्वचन्द्रमान श्रेष्ठ, स्व बुद्धरत्न शाक्य, स्व थापा काका, स्व डण्डे बाहुन, स्व युक्तलाल चित्रकार, स्व बाबुराम सुवाल स्व रामबहादुर चौधरी लगायत कलाकारहरुले लाखे निकाल्ने गरेको उहाँ स्मरण गर्नुहुन्छ । विसं २०२८ पछि भने देउराली परिवार, मित्रुसिंह हेमचुरीको ग्रुप, टक्सारको मैत्री क्लब, बसपार्कको कल्याण कोष समितिबाट यो संस्कृतिलाई निरन्तरता दिएको उहाँ बताउनुहुन्छ ।

सञ्चार र मनोरञ्जनका साधन प्रशस्तमात्रामा खुल्न थालेपछि लाखे नाचसहित यहाँका जात्रा विस्तार हराउन थालेको उहाँको भनाइ छ । अर्कातिर नाच खर्चिलो भएकाले पनि यो देखाउन कम भएको चित्रकार बताउनुहुन्छ । लामो समय निरन्तरता पाउन नसकेको नाचले पुनः २०५२ सालदेखि कल्याण कोष समिति (क्लब) ले त्यसको संरक्षणमा केही चासो देखाएको थियो तर पछि यहाँका स्थानीय सरकार र बजारका व्यापारीबाट आर्थिक सहयोग हुन छोडेपछि विस्तारै देखाउन बन्द भयो । तानसेनको रणउजेश्वरी भगवती मन्दिरमा जागरामका दिन देखाइने लाखे नाच पनि आव २०६२/६३ सालमा देखाइएन । भगवती मन्दिरमा लाखे ननिकालेपछि यहाँका कलाकारहरुले आफैँ भए पनि निकाल्ने अठोट गरी २०६४ देखि लाखे निकाल्न थालेको चित्रकारको भनाइ छ ।

### कस्सिए तन्नेरी

पछिल्लो समय नयाँ पुस्तामा हस्तान्तरण हुन नसक्दा लोप हुने अवस्थामा पुगेको लाखे नाच जोगाउन पाल्पाली नाट्य कला सांस्कृतिक समूहमा आबद्ध युवा अघि बढेका छन् । उनीहरूले २०६४ सालदेखि अहिलेसम्म जसोतसो लाखे नाचलाई निरन्तरता दिँदै आएका छन् । उनीहरुले हरेक वर्ष घण्टाकर्णदेखि भगवती जात्रा अर्थात् कृष्ण जन्माष्टमीसम्म हरेक दिन साँझ लाखे नाच प्रदर्शन गर्ने गर्दछन् । समूहका अध्यक्ष किरण चित्रकारका अनुसार यस अभियानको उद्देश्य केबल नाच देखाउनु होइन, नयाँ पुस्तालाई आफ्नो मौलिक संस्कृति र परम्परासँग जोड्नु हो । "बाबुबाजेको परम्परा बिर्सिन थाल्यौं, त्यही भएर आफ्नो संस्कृति संरक्षणमा लागेका हौँ," चित्रकार भन्नुहुन्छ, "लाखे नाच विस्तारै लोप हुँदै जान थालेको छ ।" नेवारी संस्कृति अन्य समुदायमाझ लोकप्रिय भए पनि आफ्नै समुदायले त्यसको संरक्षण गर्न नसकेकामा चित्रकारको चिन्ता छ । "अरू समुदाय माझ नेवारी संस्कृति एकदमै लोकप्रिय छ तर नेवार समुदायले नै संरक्षण गर्न सकिरहेका छैनौँ", उहाँ भन्नुहुन्छ ।

### लाखेनाचको आकर्षण

यसको मुखौटा, वेषभूषा, बाजाको तालले दर्शकलाई छुट्टै रौनकता थप्ने गरेको छ । लाखे नाचमा डरलाग्दो मुखौटाको आकर्षणले बालबालिकादेखि पाका पुस्तासम्म यसको अवलोकनका लागि झुम्मिने गरेको इतिहासका जानकार पुष्करराज रेग्मीले बताउनुभयो । बाजाको तालमा लाखेको हाउभाउ, ढोल र झ्याम्टाको ताल र आकर्षक वेषभूषासहितको नाचले सबैलाई आकर्षित गर्ने गरेको उहाँले बताउनुभयो । लोप हुन लागेको लाखे नाच संरक्षणका लागि पाल्पाली नाट्य कलासांस्कृतिक समूहले तानसेनका बसपार्क, हुलाकचोक, टक्सार, शीतलपाटी, नारायणस्थान, असनटोल र वसन्तपुरलगायत स्थानमा हरेक साँझ ६:०० बजेदेखि करिब तीन घण्टासम्म लाखे नाच प्रदर्शन गर्दै आएको छ । यो नाच काठमाडौँ उपत्यकामा प्रचलित परम्पराका रूपमा चिनिए पनि पछिल्लो समय पाल्पासहित अन्य स्थानमा पनि विस्तार हुँदै गएको छ । तानसेनबाहेक नेवार बस्ती रहेका रामपुर, सराई, हार्थोक र आर्यभञ्ज्याङमासमेत लाखे नाच नाच्ने परम्परा रहेको छ । लाखे नाच हराउनु भनेको एउटा नाच हराउनु मात्र होइन । यससँग जोडिएका सीप, कथा, सङ्गीत, सामुदायिक सम्बन्ध र सांस्कृतिक स्मृति पनि कमजोर हुनु हो ।

## सुदूरपश्चिम सरकारद्वारा संविधान दिवस भव्यताका साथ मनाउने निर्णय

धनगढी । सुदूरपश्चिम प्रदेश सरकारले संविधान दिवस २०८३ भव्यताका साथ मनाउने निर्णय गरेको छ ।

मुख्यमन्त्री खगराज भट्टको अध्यक्षतामा बिहीबार बसेको बैठकले संविधान दिवस तथा राष्ट्रिय दिवसलाई प्रदेशभर विभिन्न कार्यक्रमसहित भव्य रूपमा मनाउने निर्णय गरेको मुख्यमन्त्रीको सचिवालयले जनाएको छ ।

बैठकले मुख्यमन्त्री भट्टको अध्यक्षतामा विभिन्न पदाधिकारी सम्मिलित २३ सदस्यीय मूल समारोह समिति गठन गरेको छ । असोज २ गत (शुक्रबार) प्रदेशका सबै मन्त्रालय, सरकारी निकाय, कार्यालय तथा स्थानीय तहले आआफ्नो कार्यालय, सांस्कृतिक तथा सार्वजनिकस्थलमा राष्ट्रिय झन्डा र दिवस केन्द्रित ब्यानर राखी सजावट गर्ने, गाउँ तथा नगरको सरसफाइ गर्ने र साँझ दीपावली गर्ने कार्यक्रम तय गरिएको छ ।

यही असोज ३ गते बिहान ७:०० बजे आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा मूल समारोह आयोजना गरिने छ । मूल समारोहमा प्रदेश प्रमुख, मुख्यमन्त्री, सभामुख, मन्त्री तथा राज्यमन्त्री, सचिव, सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारी, सार्वजनिक तथा सङ्घ संस्थाका प्रतिनिधिलगायत सर्व साधारणको सहभागिता रहने छ ।

## दुई किशोरीको उद्धार, दुई पक्राउ

बाँके । बाँकेको दुर्गम नरैनापुर नाकाबाट कामको प्रलोभन देखाई फकाएर भारत लैजान लागिएका दुई किशोरीको सशस्त्र प्रहरीले उद्धार गरेको छ ।

उक्त नाकामा किशोरीलाई लिन आएका एक भारतीय नागरिक सहित दुई जनालाई सशस्त्र प्रहरीले नियन्त्रणमा लिएको सशस्त्र प्रहरी बल नेपाल नं ३० गण बागेश्वरीले जनाएको छ । विशेष सूचनाका आधारमा सवारीसाधन जाँच गर्ने क्रममा नेपालगन्जबाट भारततर्फ जाँदै गरेको अटोरिक्सामा दुई किशोरीलाई सशस्त्र प्रहरीले फेलापारेको थियो । उद्धार गरिएका दुवै किशोरी बर्दियाका रहेको सशस्त्र प्रहरी बल नं ३० गणले जानकारी दिएको छ । पक्राउ पर्नेमा नरैनापुरका हनुमान यादव, भारतको उत्तर प्रदेश श्रावस्तीका हनुमान प्रसाद महन्त छन् । उद्धार गरिएका दुवै किशोरीलाई आजै परिवारको जिम्मा लगाइएको शान्ति पुनः स्थापना गृह नेपालगन्ज की प्रमुख सम्झना चदराले जानकारी दिनुभयो । उहाँले उद्धार गरिएका किशोरीका केही साथी अझै पनि भारतमा रहेको उल्लेख गर्दै विशेष सूचनाका आधारमा प्रहरीलाई खबर गरिएको बताउनुभयो । पक्राउ परेका दुवै जनामाथि आवश्यक अनुसन्धान तथा कारबाहीका लागि नरैनापुर प्रहरीलाई बुझाइएको छ ।

## दोषीलाई कारबाही हुन्छः मन्त्री यादव

सप्तरी । युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादवले गजेन्द्र नारायण सिंह अस्पतालको गेट अगाडि सडकको पेटीमा शिशुलाई जन्म दिनुभएकी बबिता पासवानको घर पुगेर आमा र शिशुको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको छ ।



बिहीबार (हिजो) गृहजिल्ला राजविराज आउनुभएका मन्त्री यादवले राजविराज नगरपालिका-१४ पर्साहीस्थित पासवानको घर पुगेर अस्पतालमा भएको घटनाबारे जानकारी लिनुका साथै आमा र शिशुको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको हो । उक्त घटनाबारे जानकारी प्राप्त भएलगत्तै दोषी देखिएकामाथि कारबाहीको प्रक्रिया अघि बढिसकेको मन्त्री यादवले बताउनुभयो । गत बुधबार राजविराज स्थित गजेन्द्रनारायण सिंह अस्पताल मा ३० वर्षीया बबिता पासवान सुत्केरी हुन अस्पताल पुग्नुभएको थियो ।

आवश्यक रकमको जोहो गर्न नसकेपछि बबिताले सडकको पेटीमा छोरालाई जन्म दिनुभएको थियो । उक्त दृश्य सामाजिक सञ्जाल तथा सञ्चारमाध्यमबाट सार्वजनिक भएको थियो ।

## दोषीलाई कारबाही हुन्छः मन्त्री यादव

सप्तरी । युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादवले गजेन्द्र नारायण सिंह अस्पतालको गेट अगाडि सडकको पेटीमा शिशुलाई जन्म दिनुभएकी बबिता पासवानको घर पुगेर आमा र शिशुको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको छ ।

बिहीबार गृहजिल्ला राजविराज आउनुभएका मन्त्री यादवले राजविराज नगरपालिका-१४ पर्साहीस्थित पासवानको घर पुगेर अस्पतालमा भएको घटनाबारे जानकारी लिनुका साथै आमा र शिशुको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको हो । उक्त घटनाबारे जानकारी प्राप्त भएलगत्तै दोषी देखिएकामाथि कारबाहीको प्रक्रिया अघि बढिसकेको मन्त्री यादवले बताउनुभयो ।

गत बुधबार राजविराज स्थित गजेन्द्रनारायण सिंह अस्पताल मा ३० वर्षीया बबिता पासवान सुत्केरी हुन अस्पताल पुग्नुभएको थियो ।

आवश्यक रकमको जोहो गर्न नसकेपछि बबिताले सडकको पेटीमा छोरालाई जन्म दिनुभएको थियो ।

उक्त दृश्य सामाजिक सञ्जाल तथा सञ्चारमाध्यमबाट सार्वजनिक भएको थियो ।

# हिमाली सभ्यतामाथि नै खतरा छ भनेर विश्वलाई बुझाउँछौंः परराष्ट्रमन्त्री

काठमाडौं । परराष्ट्रमन्त्री शिशिर खनालले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रको सभ्यतामाथि नै खतरा रहेको तथ्य संयुक्त राष्ट्रसङ्घमार्फत विश्व समुदायलाई जानकारी गराउने बताउनुभएको छ ।

बिहीबार (हिजो) साँझ परराष्ट्र मन्त्रालयमा पत्रकारहरूसँग अनौपचारिक अन्तर्क्रियाका क्रममा उहाँले भन्नुभयो, "जलवायु परिवर्तनबाट नेपाल र हामीजस्ता हिमाली देशहरू जोखिममा छन् । भोटेकोशीमा आएको हिमाली सुनामीबाट यो प्रमाणित भएको छ । यो तथ्यलाई हामी राष्ट्रसङ्घको आगामी महासभामा उठाउँछौं ।"

मन्त्री खनालले भोटेकोशी बाढीको प्रकृति जलवायु परिवर्तनको असरबाहेक अरु केही हुन नसक्ने भन्दै यस प्रकारका प्रलयबाट नेपालमात्र नभई सिङ्गो हिमाली सभ्यता नै खतराको सूचीमा रहेको प्रामाणिक आधार महासभामा प्रस्तुत गरिने बताउनुभयो । उहाँले भन्नुभयो, "आगामी महासभामा हाम्रो प्रमुख एजेन्डा नै जलवायु न्याय हो । हामी जलवायु परिवर्तनका कारण पीडित छौं भन्ने वैज्ञानिक एवं प्रामाणिक तथ्यसहित प्रस्तुत हुन्छौं र यही वास्तविकता विश्व समुदायसमक्ष राख्नेछौं ।"

प्रधानमन्त्री वालेन्द्र शाहले नेपालका तर्फबाट महासभालाई सम्बोधन गर्नुहुनेछ । नेपाललाई नखाएको विष कसरी लागिरहेको छ र हामी दिनप्रतिदिन जलवायु परिवर्तनको सिकार के-कसरी भइरहेका छौं भन्ने तथ्य उहाँले प्रस्तुत गर्ने जानकारी पनि मन्त्री खनालले दिनुभयो ।

नेपालले विगत लामो समयदेखि राष्ट्रसङ्घसहित विभिन्न अन्तरराष्ट्रिय मञ्चहरूमा नेपाल जलवायु न्यायको भागिदार रहेको दलिल पेस गर्दै आएको उल्लेख गर्दै मन्त्री खनालले आगामी दिनमा जलवायु कूटनीतिका माध्यमबाट यसलाई संस्थागत गर्ने र नेपालभित्र पनि अन्तरसरकारी संयन्त्रमार्फत जलवायु कूटनीतिको क्षेत्रलाई बलियो बनाइने उल्लेख गर्नुभयो ।

मन्त्री खनालले जलवायु परिवर्तनको असरबाट जोखिममा परेका साना तथा टापु एवं पहाडी राष्ट्रहरूको साझा गठबन्धन बनाएर त्यसको नेतृत्व गर्दै नेपालले जलवायु कूटनीतिको वकालत गर्ने स्पष्ट पार्नुभयो ।

उहाँले भन्नुभयो, "पहिले-पहिले साना, टापु तथा पहाडी राष्ट्रहरु जलवायु परिवर्तनबाट समुद्री देशहरूमात्र प्रभावित हुन्छन् भन्ने सोचमा थिए । तर अहिले जलवायु परिवर्तनको असर केवल समुद्री सतह बढ्नेमात्र नभएर हामीजस्ता देशमा नै बढी देखिएकाले यस प्रकारको गठबन्धन का साथ अगुवाइ एवं कूटनीतिक पहल गर्न जरुरी देखिएको छ ।"

आफू महासभामा सहभागी हुने क्रममा कैयौँ 'साइडलाइन' भेटघाटमा व्यस्त रहने र त्यस क्रममा भोटेकोशी बाढीका कारण भएको क्षतिका बारेमा जानकारी गराएर सहयोग र पुनर्निर्माणका लागि आग्रह गर्ने जानकारी मन्त्री खनालले दिनुभयो ।

नेपालजस्ता देशले अब ऋणको बोझ धेरै बोक्न नसक्ने स्पष्ट गर्दै विश्व समुदायसमक्ष सहयोगका लागि अपिल गर्ने उहाँको भनाइ थियो ।

त्यस क्रममा परराष्ट्र सचिव अमृतबहादुर राईले नेपालले यसपटक जलवायु न्यायका पक्षमा विश्व समुदायसमक्ष वकालत गर्ने जानकारी दिनुभयो । सो सम्बन्धमा नेपालले एक अलग्गै उच्चस्तरीय कार्यक्रमको आयोजना गरेको जानकारी दिनुभयो ।

परराष्ट्र प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले जलवायु परिवर्तनको जोखिम दिनप्रतिदिन बढ्दै गएकाले नेपालले जलवायु कूटनीतिलाई कूटनीतिको नयाँ आयामका रूपमा विश्वव्यापी रूपमा विस्तार गर्दै लैजाने बताउनुभयो ।

राष्ट्रसङ्घको आसन्न ८१औँ महासभाका लागि प्रधानमन्त्री शाह यही सेप्टेम्बर २२ मा न्युयोर्क प्रस्थान गर्ने र २४ मा महासभालाई सम्बोधन गर्नुहुने कार्यक्रम छ । उहाँ २६ सेप्टेम्बरमा स्वदेश फर्कनुहुनेछ । त्यसैगरी, परराष्ट्रमन्त्री खनाल यही सेप्टेम्बर २० मा न्युयोर्क प्रस्थान गर्ने र ३० मा स्वदेश फर्कनुहुने कार्यक्रम छ ।

## स्वास्थ्य सेवामा पहिला उपचार, त्यसपछि भुक्तानी प्रणाली आवश्यक

ललितपुर । जिल्ला समन्वय समिति ललितपुरका प्रमुख ऋषिदेव फुयाँलले सरकारी स्वास्थ्य संस्थाले स्वास्थ्य सेवामा 'पहिला उपचार, त्यसपछि भुक्तानी' प्रणाली लागू गर्नुपर्ने आवश्यकता औँल्याउनु भएको छ ।

जनस्वास्थ्य कार्यालयले आज यहाँ आयोजना गरेको आर्थिक वर्ष २०८२/८३ मा सम्पादित स्वास्थ्य कार्यक्रमहरूको जिल्ला स्तरीय वार्षिक समीक्षा तथा योजना तर्जुमा गोष्ठीमा समन्वय प्रमुख फुयाँलले पर्याप्त रकम नहुँदा उपचारका क्रममा नागरिकले हैरानी व्यहोर्नु परेको र अस्पतालबाट बाहिरिनु परेको घटनालाई उल्लेख गर्दै आवश्यक रकम तत्काल जुटाउन नसक्दा उपचारबाट वञ्चित हुनुपर्ने अवस्था अन्त्य गर्न 'पहिला उपचार, त्यसपछि पैसाको व्यवस्था' हुने प्रणाली विकास गर्नुपर्नेमा जोड दिनुभयो ।

"उपचार खर्च जुटाउन नसकेर रोग पालेर घरमै बस्न बाध्य नागरिक पनि धेरै छन्, उपचारका क्रममा घरजग्गा बेचेर आर्थिक रूपमा विपन्न बनेका नागरिकको हितमा राज्यले विशेष ध्यान दिनुपर्ने आवश्यक छ । प्रणाली बनाउने काम सरकारको हो, यस विषयमा सङ्घीय सरकारलाई पनि आवश्यक सुझाव दिन्छौं, प्रदेश सरकारले पनि ध्यान दिनुपर्छ", उहाँले भन्नुभयो ।

ललितपुर जिल्लाका तीन वटा गाउँपालिका भौगोलिक तथा स्वास्थ्य सेवाका दृष्टिले विकट अवस्थामा रहेका उल्लेख गर्दै समन्वय प्रमुख फुयाँलले ती क्षेत्रमा स्वास्थ्य सेवा प्रभावकारी बनाउन प्रदेश सरकारको थप सहयोग आवश्यक रहेको बताउनुभयो । बिरामीको सङ्ख्या तुलनात्मक रूपमा कम भए पनि दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक उपकरण तथा स्वास्थ्यकर्मीको व्यवस्था गर्नुपर्ने अवस्था रहेको उहाँको भनाइ छ ।

स्थानीय सरकारको आफ्नै आम्दानी तथा स्रोतबाट मात्र आवश्यक स्वास्थ्य पूर्वाधार र जनशक्ति व्यवस्थापन गर्न कठिन हुने भएकाले प्रदेश सरकारले यसतर्फ विशेष ध्यान दिनुपर्ने उहाँले बताउनुभयो । निजी क्षेत्रबाट लगानी गरी अस्पताल स्थापना गरेर नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराइरहेका स्वास्थ्य संस्थाप्रति आभार व्यक्त गर्दै समन्वय प्रमुख फुयाँलले नागरिक लाई सहज स्वास्थ्य सेवा उपलब्ध हुने गरी आवश्यक विधि, प्रक्रिया र नीतिगत व्यवस्था निर्माणमा प्रदेश तहबाट महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । सहरमा केन्द्रित ठूला अस्पतालमा पनि आफ्नै प्रकारका समस्या रहेका उल्लेख गर्दै उहाँले पाटन अस्पतालमा देशका विभिन्न स्थानबाट आउने बिरामीको चाप धान्न कठिन भइरहेको बताउनुभयो । बागमती प्रदेशको स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयका स्वास्थ्य सचिव डा सुमित्रा गौतमले स्वास्थ्य सेवालाई तीनै तहका सरकारले पहिलो प्राथमिकतामा राखिनुपर्नेमा जोड दिँदै स्वास्थ्य सेवाको मूल मर्मअनुसार काम गरिनुपर्ने धारणा राख्नुभयो ।

सो अवसरमा उहाँले ललितपुर महनगरपालिकालाई स्वस्थ्य नगरका रूपमा घोषणा गर्ने तयारी बागमती प्रदेशले गरिरहेको जानकारी गराउँदै बागमती प्रदेशमा स्वास्थ्यका सबै सेवा पूर्ण डिजिटलाइजेसनमा गइसकेको जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, "स्वास्थ्य संस्थाहरूको नियमन गर्ने विषयलाई जोड दिएका छौं । स्वास्थ्य संस्थाको नियम सङ्गत अनुगमनका क्रममा पनि राजनीतिक दबाब झेल्नुपर्ने अवस्था सृजना नगर्न आग्रह गर्दछौं ।" ललितपुरका प्रमुख जिल्ला अधिकारी नरहरि घिमिरेले स्वास्थ्य बिमा नगरेका व्यक्तिले पनि गम्भीर किसिमको रोग लागेको अवस्थामा उपचार गर्न पाउने कल्याणकारी प्रणाली व्यवस्थापन गरिनुपर्नेमा जोड दिनुभयो । उहाँले स्वास्थ्य सेवामा भएका प्रणाली र कानुन कार्यविधिलाई सुधार गर्न सकिने ठाउँमा सुधार गर्नुपर्ने भन्दै यसका लागि सबैको साथ र सहयोगको आवश्यकता औँल्याउनु भयो । जनस्वास्थ्य कार्यालय ललितपुरका प्रमुख डा खगेश्वर गेलालले वार्षिक समीक्षा तथा योजना तर्जुमा गोष्ठीमा जिल्ला वासीलाई कसरी गुणस्तरीय स्वास्थ्य सेवा दिन सक्छौं भन्ने विषयमा छलफल गरिरहेकोले योजनामा समावेश गरेर काम गर्ने बताउनुभयो ।

## सुरक्षाका लागि डुम्रे-बेलभञ्ज्याङ खण्डमा सिसी क्यामेरा जडान

दमौली । तनहुँको बन्दीपुर गाउँपालिका-१ ले वडा क्षेत्रको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन डुम्रे बजारबाट बेलभञ्ज्याङ सम्म सिसी क्यामेरा जडान गरेको छ । वडाले करिब रु ११ लाखको लागतमा मुख्य बजार तथा सडक क्षेत्रमा सिसी क्यामेरा जडान गरेको हो ।

अहिलेको बर्तमान समयमा चोरीजन्य घटना न्यूनीकरण, सवारी दुर्घटना नियन्त्रण तथा सवारी चालकको लापरबाहीलाई निगरानी गर्ने उद्देश्यले वडा क्षेत्रका महत्वपूर्ण स्थानमा सिसी क्यामेरा जडान गरिएको वडाध्यक्ष शिव कुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार बजार तथा सडक क्षेत्रमा सिसी क्यामेरा जडान भएपछि यहाँ हुने गतिविधिको निगरानी गर्न सहज हुनेछ । विशेषगरी चोरी, दुर्घटना तथा सवारी साधनको लापरवाहीसँग सम्बन्धित घटनामा सिसी क्यामेरा बाट प्राप्त दृश्यले वास्तविकता पहिचान तथा अनुसन्धान मा सहयोग पुग्ने अपेक्षा गरिएको श्रेष्ठको भनाइ छ । "चोरीजन्य घटना, सवारी दुर्घटना तथा सवारीसाधन र चालकको लापरवाही नियन्त्रणमा सहयोग पुर्‍याउने उद्देश्यले पृथ्वीराजमार्गको मुख्य स्थानमा सिसी क्यामेराबाट निगरानी सुरु गरेका छौं," उहाँले भन्नुभयो । सिसी क्यामेराले बजार तथा सडक क्षेत्रमा हुने गतिविधिको नियमित निगरानी बढाउनाका साथै कुनै घटना भएमा त्यसको अनुसन्धानका लागि आवश्यक प्रमाण जुटाउन पनि सहयोग पुग्ने उहाँले बताउनुभयो । प्रहरीलाई अनुसन्धान का क्रममा क्यामेराको दृश्य उपलब्ध गराउन सकिने भएकाले आपराधिक तथा दुर्घटनाजन्य घटनाको छानबिनमा थप सहजता हुने अपेक्षा गरिएको श्रेष्ठले उल्लेख गर्नुभयो । वडाले चालु आर्थिक वर्षमा पनि सिसी क्यामेरा विस्तारका लागि रु चार लाख बजेट विनियोजन गरेको छ । यसअघि जडान गरिएका क्यामेराबाट प्राप्त अनुभवका आधारमा आवश्यक देखिएका क्षेत्रमा थप क्यामेरा जडान गर्ने योजना वडाको छ । वडाध्यक्ष श्रेष्ठले आगामी दिनमा बस्ती बाक्लो भएका तथा सुरक्षा निगरानी आवश्यक देखिएका अन्य स्थानलाई प्राथमिकतामा राखेर सिसी क्यामेरा थप गर्दै लैजाने बताउनुभयो । डुम्रे बजारबाट बेलभञ्ज्याङसम्मको क्षेत्र बन्दीपुर गाउँपालिकाको महत्वपूर्ण बजार तथा सडक क्षेत्र भएकाले यहाँ क्यामेराको पहुँच विस्तार हुँदा सार्वजनिक सुरक्षामा सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## बाढीबाट ३६ देशका ६०६ विदेशी पर्यटक अझै बेपत्ता

काठमाडौं । भोटेकोशी बाढीमा परेर ३६ देशका ६०६ विदेशी पर्यटक अझै बेपत्ता छन् । पर्यटन विभागले दिएको जानकारीअनुसार गत भदौ १० गतेको बाढीमा परेर आजसम्म ३६ देशका ६०६ विदेशी पर्यटक बेपत्ता भएका हुन् ।

विभागका सूचना अधिकारी सुरज घिमिरेले विभिन्न कम्पनीमार्फत कैलाश मानसरोवर र जनैपूर्णिमा मेलाका लागि गोसाइँकुण्ड गएका मध्ये अझै ६०६ विदेशी पर्यटक बेपत्ता भएका राससलाई जानकारी दिनुभयो । बेपत्ता भएका विदेशी नागरिकमध्ये सबैभन्दा बढी छिमेकी मुलुक भारतका छन् ।

विभागले दिएको पछिल्लो जानकारी अनुसार भारतका १८९, अष्ट्रेलियाका ३३, क्यानडाका ३०, मलेसियाका ५५, युक्रेनका ५४, बेलायतका ३२, अमेरिकाका ६५, लाटभियाका ३३, चीनका ३७ जना छन् । त्यस्तै, बेलारुस, फिनल्याण्ड, फ्रान्स, जर्मनी हङ्गेरी, आइरिस, इजरायल, लिथ्वानिया, नेदरल्याण्ड, न्युजरल्याण्ड, पोर्चुगल, रसिया, सिङ्गापुर, दक्षिण अफ्रिका, स्पेन, जापान, फिलिपिन्स, काजकिस्तान, बेल्जियम, स्विडेन, स्विजरल्याण्ड, इटली, भियतनाम, इस्टोनिया र कोरियाका पर्यटक पनि बेपत्ता भएका छन् । उक्त बाढीमा परेर नेपालका १८८ पर्यटक बेपत्ता भएका छन् ।

विदेशी पर्यटकको सहयोगी का रूपमा गएका र कैलाश मानसरोवर तथा गोसाइँकुण्ड घुम्न गएका नेपाली रहेका विभागका सूचना अधिकारी घिमिरेले बताउनु भयो । उहाँका अनुसार हालसम्म ३१० विदेशी पर्यटकको सफल उद्धार गरिएको छ । यसैगरी, बाढीपछि सम्पर्कविहीन भएकामध्ये १३ जना ( तीन पुरुष, नौ महिला र एक अन्य) हाल सम्पर्कमा आएका छन् । स्थानीय प्रशासन र सुरक्षा निकायले बेपत्ता भएकाको खोजी र राहत कार्यलाई तीव्रता दिएका छन् ।

## अर्घाखाँचीमा विद्यालयमा एचपिभी खोप कार्यक्रम सुरु

अर्घाखाँची । जिल्लाका विद्यालयमा नियमित ह्युमन प्यापिलोमा भाइरस (एचपिभी) विरुद्ध खोप कार्यक्रम सुरु भएको छ । कार्यक्रम अन्तर्गत सन्धिखर्क नगरपालिका-२ स्थित सन्धिखर्क ग्रिन इङ्गलिस बोर्डिङ स्कुलमा नियमित एचपिभी खोप कार्यक्रम शुभारम्भ गरिएको हो ।

जिल्ला खोप समन्वय समिति अर्घाखाँचीको आयोजना तथा सन्धिखर्क नगरपालिकाको समन्वयमा बिहीबार आयोजित खोप शुभारम्भ कार्यक्रममा प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले एचपिभी खोप पाठेघरको मुखको क्यान्सरबाट जोगिनका लागि महत्वपूर्ण रहेको बताउँदै लक्षित समूहका बालबालिकालाई खोपको पहुँचमा ल्याउन सबै पक्षको सहयोग र सहकार्य आवश्यक रहेको बताउनुभयो ।

जिल्लास्थित स्वास्थ्य कार्यालयका प्रमुख कृष्णप्रसाद पोखेलले एचपिभी खोप सुरक्षित र प्रभावकारी रहेको बताउँदै नियमित खोप कार्यक्रमलाई विद्यालय तहसम्म प्रभावकारी रूपमा पुर्‍याउन स्वास्थ्य कार्यालयले आवश्यक समन्वय गरिरहेको उल्लेख गर्नुभयो । सबैको सहकार्य र समन्वयमा खोपसम्बन्धी सही सूचना अभिभावक तथा विद्यार्थी समक्ष पुर्‍याउनुपर्ने उहाँको भनाइ छ ।

'खोप निःशुल्क पाइन्छ, खोप सुरक्षित हुन्छ, खोपले जीवन रक्षा गर्छ' भन्ने सन्देशसहित सञ्चालन हुने कार्यक्रमले विद्यार्थी, अभिभावक तथा समुदायमा एचपिभी खोपसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने अपेक्षा गरिएको सन्धिखर्क नगरपालिका स्वास्थ्य शाखा प्रमुख पूर्ण पराजुलीले बताउनुभयो ।

"एचपिभी खोप पाठेघरको मुखको क्यान्सरबाट बचाउने उद्देश्यले प्रदान गरिने महत्वपूर्ण खोप हो । नेपाल सरकारको नियमित खोप कार्यक्रममा पनि एचपिभीलाई समावेश गरिएको छ", उहाँले भन्नुभयो । जिल्लामा नियमित खोप कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै विद्यालय तहसम्म पहुँच सुनिश्चित गर्ने प्रयास भइरहेको उहाँले बताउनु भयो । कार्यक्रममा जिल्ला समन्वय अधिकारी केशव ज्ञवाली, सन्धिखर्क नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रमोद खनाल, जिल्ला खोप समन्वय समिति सदस्य नारायण पौडेल, उमा बन्जाडे लगायतको उपस्थिति थियो । कार्यक्रम जनस्वास्थ्य निरीक्षक प्रकाश परियारको सञ्चालनमा सम्पन्न भएको हो । विद्यालयमै केन्द्रित भएर नियमित एचपिभी खोप सेवा प्रभावकारी रूपमा सञ्चालन गर्नु कार्यक्रमको मुख्य उद्देश्य रहेको आयोजकले जनाएको छ ।

यसैबीच, आज सन्धिखर्क ग्रिन इङ्गलिस बोर्डिङ स्कुलमा कक्षा ६ मा अध्ययनरत ४५ जना छात्रालाई एचपिभी खोप लगाइएको आयोजकले जनाएको छ । विद्यालयबाटै खोप सेवा उपलब्ध गराउँदा लक्षित विद्यार्थीलाई सहज रूपमा स्वास्थ्य सेवाको पहुँचमा ल्याउन सहयोग पुग्ने आयोजकको भनाइ छ ।

## अख्तियारको प्रतिवेदनः ९९० प्रतिवादीविरुद्ध बिगोसहित मुद्दा दर्ता

काठमाडौं । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०८२/८३ मा विभिन्न कसुरका ९९० प्रतिवादीविरुद्ध कैद सजाय र जरिवानाका अतिरिक्त रु २५ अर्ब २३ करोड ६५ लाख ९७ हजार बिगो माग दाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

गत आवमा विभिन्न भ्रष्टाचारजन्य कसुरमा विशेष अदालतमा १७५ वटा मुद्दा दायर गरिएको बिहीबार आयोजित पत्रकार सम्मेलनमा आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो । उहाँका अनुसार सो अवधिमा सबैभन्दा बढी ५६ वटा मुद्दा सार्वजनिक हानि-नोक्सानीसम्बन्धी रहेका छन् ।

घूस (रिसवत)सम्बन्धी ४१, गैरकानुनी लाभ वा हानिसम्बन्धी २७, भुटा/नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी १५, गैरकानुनी सम्पत्ति आर्जन सम्बन्धी ११, राजस्व चुहावट/हिनामिना, सम्पत्ति शुद्धीकरण कसुरसम्बन्धी पाँच/पाँच र अन्य कसुरसम्बन्धी १५ वटा मुद्दा दर्ता भएका छन् । गत आवमा कायम कुल उजुरीमध्ये तहगत आधारमा स्थानीय तहसँग सम्बन्धित उजुरी सबैभन्दा बढी २० हजार छन् । सङ्घसँग सम्बन्धित १५ हजार ५१२ र प्रदेशसँग सम्बन्धित सबैभन्दा कम पाँच हजार ३०५ उजुरी दर्ता भएका आयोगले जनाएको छ । वार्षिक प्रतिवेदन अनुसार छ वटा प्रदेशमा स्थानीय तहका निकाय वा पदाधिकारी सम्बद्ध उजुरी बढी परेका छन् भने बागमती प्रदेशमा सङ्घीय निकाय वा पदाधिकारीसम्बद्ध उजुरीको सङ्ख्या बढी छ । उजुरीको समग्र सङ्ख्या बागमती प्रदेशमा सबैभन्दा बढी छ भने गण्डकी प्रदेशमा सबैभन्दा कम रहेका छन् ।

आर्थिक वर्ष २०८२/८३ मा दर्ता भएका प्रदेश सरकारसम्बद्ध कुल पाँच हजार ३०५ उजुरीमध्ये सबैभन्दा बढी एक हजार ४७५ वटा मधेस प्रदेशसम्बद्ध र सबैभन्दा कम ४०७ वटा गण्डकी प्रदेश सम्बद्ध रहेका छन् । विषय क्षेत्रगत आधारमा कोशी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित उजुरी सबैभन्दा बढी रहेका छन् भने मधेस प्रदेशमा भौतिक पूर्वाधार तथा यातायात क्षेत्रसँग सम्बन्धित उजुरी सबैभन्दा बढी रहेका छन् ।

थानीय तहसम्बद्ध कुल २० हजार २५ उजुरीमध्ये सबैभन्दा बढी सात हजार ३७० उजुरी मधेस प्रदेशका स्थानीय तहसँग र सबैभन्दा कम एक हजार ४०६ उजुरी गण्डकी प्रदेशका स्थानीय तहसँग सम्बन्धित छन् । सङ्घ सरकारसम्बद्ध उजुरीमध्ये मन्त्रालयगत आधारमा साबिकको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित उजुरी सबैभन्दा बढी छ । त्यसपछि बढी उजुरी परेका साबिकका मन्त्रालयहरू क्रमशः शिक्षा तथा खेलकुद, गृह, पूर्वाधार विकास, अर्थ, स्वास्थ्य तथा खाद्य स्वच्छता, ऊर्जा, जलस्रोत तथा सिँचाइ, संस्कृति पर्यटन तथा नागरिक उड्डयन, कृषि, वन तथा पर्यावरण र सूचना तथा सञ्चार मन्त्रालय रहेका छन् ।

## सीप तथा रोजगार आयोजना गर्दै श्रम मन्त्रालय

काठमाडौं । युवा, श्रम तथा रोजगार मन्त्रालयले रोजगार प्रवर्द्धन दशकका रूपमा राष्ट्रव्यापी सीप तथा रोजगार मेला आयोजना गर्ने तय गरेको छ । युवा, श्रम तथा रोजगार मन्त्रालयले 'सीप तथा रोजगार मेला सञ्चालन निर्देशिका, २०८३' जारी गरी उक्त निर्देशिका को प्रावधान अनुरुप सीप तथा रोजगार मेला आयोजना तथा सञ्चालनका लागि श्रममन्त्रीको संयोजकत्वमा बिहीबार बैठक बसेको हो ।

निर्देशन तथा समन्वय समितिको बैठकमा यही असोज १४ देखि २० गतेसम्म कोशी प्रदेशको इटहरीमा सीप तथा रोजगार मेला आयोजना गरिने निर्णय गरेको छ । यस किसिमको मेलालाई क्रमशः अन्य प्रदेशमा पनि सञ्चालन गर्ने गरी राष्ट्रिय अभियानका रूपमा अघि बढाउने मन्त्रालयको उद्देश्य छ ।

तीनै तहका सरकार, निजी तथा गैरसरकारी क्षेत्र, विकास साझेदार संस्था, रोजगारदाता सङ्घ/महासङ्घ, उद्योगी व्यवसायी तथा शैक्षिक एवं तालिम प्रदायक संस्थाहरूको समन्वय र सहकार्यमा मेला सञ्चालन हुने भएकाले सीप, रोजगारी, उद्यमशीलता, स्वरोजगार प्रवर्द्धन गर्दै श्रमको सम्मान र स्वदेशमै रोजगारीको अवसर अभिवृद्धि गर्ने सबै सरोकारवाला हरूलाई सहभागिताका लागि पनि मन्त्रालयले आह्वान गरेको छ । बैठकपछि युवा, श्रम तथा रोजगार मन्त्री रामजी यादवले नेपालको श्रम बजारलाई थप आकर्षक बनाउनु पर्नेमा जोड दिँदै नेपालमा रोजगारी गर्न तथा उद्यमी बन्न सकिन्छ भन्ने अनुभूतिसहित सकारात्मक सन्देश दिन सरकार र निजी क्षेत्रबीच सहकार्य र समन्वय हुनुपर्ने बताउनुभयो । आन्तरिक रोजगारी दशकलाई सफल बनाउन सरकार र निजी क्षेत्रसहित सबै सरोकार भएका निकायले सहकार्य गरी सीप र रोजगारीको एक बलियो प्रणाली (इकोसिस्टम) निर्माण गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । यस प्रणाली निर्माणमा यो सीप तथा रोजगार मेला कोसेढुङ्गा बन्ने उहाँले विश्वास व्यक्त गर्नुभयो ।

## परिपक्व र सबल लोकतन्त्रका लागि संविधान संशोधन हुनुपर्ने

काठमाडौं । राष्ट्रियसभा अध्यक्ष नारायणप्रसाद दाहालले विगतका उपलब्धिबाट पछाडि फर्किने नभई अझ परिपक्व र सबल लोकतान्त्रिक व्यवस्थातर्फ अगाडि बढ्ने उद्देश्यले संविधान संशोधन गर्नुपर्ने धारणा राख्नुभएको छ ।

नेसनल लेजिस्लेटिभ एकेडेमीले बिहीबार आयोजना गरेको 'संविधान कार्यान्वयनको दोस्रो दशकः अवसर र चुनौती' विषयक अन्तरक्रियामा उहाँले समय, समाज र जनआकाङ्क्षाको परिवर्तनसँगै संविधान निरन्तर परिमार्जन र संशोधनको विषय बन्नुपर्ने बताउनुभयो ।

"संविधान स्थिरताको आधार अवश्य हो, तर पनि केही आधारभूत सिद्धान्तबाहेक संविधान अपरिवर्तनीय दस्तावेज होइन", अध्यक्ष दाहालले भन्नुभयो, "तर संविधान संशोधनलाई कुनै एक वर्ग, समुदाय र दल स्वार्थ केन्द्रित कदापि बनाइनु हुँदैन ।" उहाँले संविधान संशोधनको बहस सङ्घीयताको मर्मलाई सर्वोपरि राखेर, तीनै तहको सरकारको भूमिका, अधिकार, क्षमता र गरिमालाई अझ सुदृढ बनाउने दिशामा केन्द्रित हुनुपर्नेमा जोड दिनुभयो ।

"जनताका अधिकार अझ विस्तार हुने, समावेशी लोकतन्त्र थप सशक्त बन्ने, शासन प्रणाली अझ स्थिर र उत्तरदायी हुने तथा समाजवादउन्मुख संविधानको मार्गचित्रलाई व्यवहारमा रूपान्तरण गर्न सहयोग पुग्ने गरी संशोधन हुन आवश्यक छ", उहाँले भन्नुभयो । गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समानुपातिक समावेशिता तथा बहुदलीय प्रतिस्पर्धात्मक लोकतन्त्र जस्ता संविधानका आधार भूत विशेषता नेपाली जनताको लामो सङ्घर्षबाट स्थापित भएका राष्ट्रिय उपलब्धि भएको उल्लेख गर्दै अध्यक्ष दाहालले यी विषय कसैको पनि स्वार्थको अनुकूलका एजेन्डा नभई राष्ट्रका साझा धरोहर भएको बताउनुभयो ।

"संविधान संशोधनको कुनै पनि पहल यिनै उपलब्धिहरूलाई थप संस्थागत गर्ने, लोकतान्त्रिक गणतन्त्रलाई अझ मजबुत बनाउने र नागरिकको जीवनमा प्रत्यक्ष सकारात्मक परिवर्तन ल्याउने दिशामा उन्मुख हुन आवश्यक छ", अध्यक्ष दाहालले भन्नुभयो ।

## शिक्षक सेवा आयोगलाई नतिजामुखी बनाउन निर्देशन

काठमाडौं । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले शिक्षक सेवा आयोगको कामकारबाहीलाई प्रभावकारी र नतिजामुखी बनाउन नवनियुक्त पदाधिकारीलाई निर्देशन दिनुभएको छ ।

सिंहदरबारस्थित मन्त्रालय मा शिक्षक सेवा आयोगका अध्यक्ष डा हरिप्रसाद लम्सालसहित नवनियुक्त पदाधिकारीसँग भएको छलफलमा उहाँले शिक्षक भर्ना, बढुवा, पाठ्यक्रम सुधार तथा आयोगसम्बन्धी ऐन-नियमावलीलाई समयसापेक्ष परिमार्जन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले विद्यालयमा शिक्षक दरबन्दी मिलान, परीक्षा प्रणालीमा सुधार र समयमै परीक्षाफल प्रकाशनलाई प्राथमिकता दिन आग्रह गर्नुभयो ।

मन्त्री पोखरेलले विद्यालय शिक्षा ऐन निर्माणको प्रक्रियामा अघि बढिरहेको उल्लेख गर्दै आगामी ऐनमा शिक्षक सेवा आयोगसँग सम्बन्धित विषयलाई समेत समेटिने विश्वास व्यक्त गर्नुभयो ।

मन्त्रिपरिषद् बैठकले भक्तपुरका डा लम्साललाई आयोगको अध्यक्ष तथा मकवानपुर का रामशरण सापकोटा र काठमाडौंका विष्णु घिमिरे रिमाललाई सदस्य पदमा नियुक्त गर्ने निर्णय गरेको थियो । आयोगका अध्यक्ष डा लम्सालले आयोगलाई गतिशील र नतिजामुखी बनाउन काम सुरु गरिसकेको बताउनुभयो । आयोगको प्रभावकारिता तथा शिक्षक व्यवस्थापन सुधारका लागि नीतिगत र संरचनागत सुधार आवश्यक रहेको उल्लेख गर्दै उहाँले त्यसतर्फ आयोगले पहल थालेको जानकारी दिनुभयो । छलफलमा मन्त्रीको सचिवालय तथा मन्त्रालयका उच्च अधिकारीको उपस्थिति थियो ।

## एन्फा निलम्बनका कारण साफमा नेपालको सहभागिता अन्योल

काठमाडौं । फिफा निलम्बनका कारण नेपाली फुटबल क्षेत्र समस्याग्रस्त बनेको भन्दै एन्फालाई स्वतन्त्र रूपमा सञ्चालन गर्ने वातावरण बनाउन अखिल नेपाल फुटबल सङ्घ (एन्फा) ले सरकारसँग आग्रह गरेको छ ।

एन्फाद्वारा बिहीबार यहाँ आयोजित पत्रकार सम्मेलनमा एन्फाका प्रमुख कार्यकारी अधिकृत (सिइओ) इन्द्रमान तुलाधरले एन्फा बन्द हुँदा खेलाडी र राष्ट्रिय टोलीको तयारी मात्र नभई त्यहाँ कार्यरत कर्मचारीको दैनिक जीवन पनि प्रभावित भएको बताउनुभयो । उहाँले बङ्गलादेशमा आयोजना हुने साफ च्याम्पियन सिपमा नेपालको सहभागिता अन्योल भएको भन्दै यस विषयमा नेपालको सहभागिता सुनिश्चित गर्न तत्काल निर्णय आवश्यक रहेको बताउनुभयो ।

"एन्फा बन्द हुँदा खेलाडी र राष्ट्रिय टोलीको तयारी मात्र होइन, त्यहाँ कार्यरत कर्मचारीको दैनिक जीवन प्रभावित भएको छ," तुलाधरले भन्नुभयो ।

एन्फाका प्रमुख कार्यकारी अधिकृत (सिइओ) तुलाधरले आर्थिक कठिनाइका कारण कर्मचारी तथा सम्बन्धित व्यक्तिहरू मा गम्भीर तनाव उत्पन्न हुन सक्ने अवस्थातर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो । त्यसैगरी, एन्फाका महासचिव किरण राईले साफ च्याम्पियनसिप मा नेपालको सहभागिताबारे सरकारले तत्काल स्पष्ट निर्णय गर्नुपर्ने बताउनुभयो । "अब नेपाली फुटबलको विषयमा स्पष्ट हुनुपर्छ । यस विषयमा सरकारसँग छलफल गर्न हामी तयार छौं," राईले सो अवसरमा भन्नुभयो ।

एन्फा निलम्बनको समस्या समाधानका लागि फिफा र एएफसीसँगको औपचारिक संवाद र समन्वयमा आवश्यक रहेको बताउनु भयो । त्यस्तै, एन्फा महासचिव राईले एन्फा सञ्चालनमा नआउँदा राष्ट्रिय टोलीको तयारीदेखि एन्फा एकेडेमीमा रहेका बालबालिकाको दैनिक जीवनसम्म प्रभावित भएको उल्लेख गर्नुभयो ।

फिफाको निलम्बनका कारण नेपालले विभिन्न अन्तराष्ट्रिय प्रतियोगिता गुमाइसकेको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालयःनीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com